नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४४४७२५
५४२२०५६ | ५५२२०५९
५४२५७३३ | ५३५०७१७
५४३१००७ | ५३५०७१९

वेबसाइटः www.dls.gov.np
इमेलः dg@dls.gov.np (DG)
planning@dls.gov.np

पत्र संख्या :-
चलानी नं. :-

मितिः २०८१/०८/०९

## सूचना

यस पशु सेवा विभागको हिमालयन कलेज अफ एग्रिकल्चरल साईन्सेस् एण्ड टेक्नोलोजी र नेपाल पोलिटेक्निक इन्सटिच्यूट (पूर्वाञ्चल विश्वविद्यालय)सँग भएको समझदारी (Memorandum of Understanding) बमोजिम शिक्षण संस्थाले सञ्चालन गर्ने प्रवेश परीक्षामा उत्तीर्ण हुने मध्येबाट विभागको सिफारिस अनुसार निजामती सेवामा कार्यरत पशु सेवा तर्फका कर्मचारीहरुलाई बि.भि.एस्स.सी.एण्ड ए.एच. (B.V.Sc & A.H.) अध्ययनका लागि १/१ सिट उपलब्ध गराउने सहमति भए बमोजिम हिमालयन कलेज अफ एग्रिकल्चरल साईन्सेस् एण्ड टेक्नोलोजी र नेपाल पोलिटेक्निक इन्सटिच्यूटबाट लिएको प्रवेश परिक्षामा उत्तीर्ण, योग्यता पुगेका र इच्छुक कर्मचारीहरूले नियमानुसारको शुल्क स्वयंले तिर्ने गरी तपसिल अनुसारको ढाँचामा विवरण र कागजातहरू सहितको निवेदन सूचना प्रकाशन भएको मितिले ५ (पाँच) दिन (२०८१/०८/१३, दिनको ३:०० बजे) भित्र यस विभागमा (pcu@dls.gov.np) पेश गर्नु हुन अनुरोध छ। साथै तोकिएको म्यादभित्र सम्पूर्ण कागजात सहित निवेदन प्राप्त नभएमा यस सम्बन्धी प्रक्रियामा सहभागी गराईने छैन।

तपसिलः

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | सुरू पदमा नियुक्ति | | | हालको पदमा नियुक्ति | | | कर्मचारी संकेत नम्बर | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मिति | श्रेणी | पद | मिति | श्रेणी | पद | | |
| | | | | | | | | | | |

अनिवार्य पेश गर्नुपर्ने कागजातहरूः

१. निवेदन
२. नागरिकता
३. स्थायी नियुक्तिको पत्र
४. हालको पदमा नियुक्तिको पत्र
५. Updated PIS
६. शैक्षिक योग्यता खुल्ले कागजातहरू
७. विभाग, सम्बन्धित प्रदेश वा स्थानीय तहबाट प्रवेश परिक्षा दिनका लागि दिईएको पूर्व-स्वीकृति पत्र

नोटः
१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ६७० मिति २०८०/०२/१८ को परिपत्र अनुसार प्रदेश र स्थानीय तहका कर्मचारीहरुको मनोनयन र अध्ययन विदाको प्रक्रिया हुनेछ।
२. यो सूचना प्रकाशन पश्चात् छनौट प्रक्रिया निजामती सेवा ऐन, २०४९ र सो को नियमावली २०५० अनुसार हुने र सम्बन्धित अध्ययन संस्थानसँग भएको समझदारी अनुसार पशु सेवा विभागले सम्बन्धित प्रदेश / स्थानीय तहको मनोनयन र सिफारिसमा शिक्षण संस्थालाई सिफारिस गर्नेछ।

डा. उमेश दाहाल
महानिर्देशक